बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)
नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

### विद्यालयमा बाल संरक्षण मापदण्डको अनिवार्य तर्जुमा सम्बन्धी विज्ञप्ती

पछिल्ला केही दिनहरुमा सञ्चारका विभिन्न माध्यमहरुबाट सार्वजनिक भएका बालबालिका पीडित तथा प्रभावित घटनाप्रति बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) को गम्भीर ध्यानाकर्षण भएको छ । ललितपुरको बडिखेलस्थित श्री पथ प्रदर्शक मा.वि.का शिक्षक अन्जन कुमार आचार्यले १७ जना विद्यार्थी कुटपिट गरेका घटना तथा तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नं. ५ बेलचौतारा स्थित श्री जन कल्याण माध्यमिक विद्यालयका शिक्षक भेष बहादुर मगरले विद्यार्थी पिटेर २ जना घाइते बनाएका जस्ता प्रतिनिधि घटनाले बालबालिकाको सुरक्षित तथा संरक्षित वातावरणमा पढ्न पाउने, कुनै पनि स्थानमा कुनै पनि प्रकारको हिंसा र दुर्व्यवहारबाट संरक्षित हुन पाउने तथा विद्यालय शान्तिक्षेत्र हुन् भन्ने संवैधानिक तथा कानूनी मान्यताको गम्भीर उल्लंघन भएको संकेत गर्दछ। यस घटनामा सम्बन्धित स्थानीय तह, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी लगायत सम्बन्धित विद्यालय प्रशासनको गम्भीर ध्यानाकर्षणका साथै दोषीमाथि कारवाही र आगामी दिनमा यस्ता घटनाहरुको पुनरावृत्ति नहुनका लागि सचेत रहन आग्रह गर्दछौं।

नेपालको संविधानको धारा ३९ को उपधारा (७) मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन निषेध गरेको छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा (७) को उपदफा (५) मा प्रत्येक बालबालिकालाई हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य तथा यौनजन्य दुव्र्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ । यसका साथै ऐनकै दफा ६६ को उपदफा (२) को खण्ड (घ) र (ङ) मा विद्यालयमा बालबालिकालाई शारीरिक वा मानसिक दण्ड दिने, शारीरिक चोटपटक वा असर पुर्याउने कार्यलाई बालबालिकाविरुद्धको हिंसाको रुपमा परिभाषित गरिएको छ भने दफा ६७ बमोजिम यस्तो कार्य गर्ने जो सुकैलाई कानून बमोजिम बर्खास्त गरी त्यस्तो संघसंस्थामा नियुक्त, मनोनित वा निर्वाचित हुन १० वर्षसम्म अयोग्य ठहरिने तथा दफा ७२ को उपदफा (३) (क) बमोजिम ५० हजार रुपैयासम्म जरिवाना र १ वर्षसम्मको कैदको व्यवस्था गरेको छ । यसैगरी दीगो विकास लक्ष्य, १५ औं आवधिक योजना, बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ तथा विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयमा शारीरिक र मानसिक सजाय नदिने सुनिश्चितता गरेको छ । विद्यालय लगायत सबै स्थानमा बालबालिकाविरुद्द हुने सबैखाले हिंसा र दुव्र्यवहारबाट बालबालिकाको संरक्षणका लागि यी यावत संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाका बाबजुद पनि माथि उल्लेखित घटना सार्वजनिक हुनुले अझै पनि हाम्रो विद्यालय बालमैत्री तथा शान्तिक्षेत्र नभएको गतिलो प्रमाण पेश गरेको छ ।

यसै सन्दर्भमा बालबालिका र विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यता सुनिश्चित गर्न तथा भयरहित वातावरणमा शिक्षा आर्जन गर्न पाउने बालबालिकाको मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ बमोजिम बाल संरक्षण मापदण्डको अनिवार्य तर्जुमा गर्न सिजप सरोकारवाला पक्षहरुसँग अनुरोध गर्दछ । साथै, बालबालिका र विद्यालय शान्ति क्षेत्र हुन् भन्ने मान्यतामा जुनसुकै परिस्थितिमापनि प्रतिवद्ध रहन बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) सबै पक्षहरुसँग जोडदार माग गर्दछ ।

राजेश शर्मा
अध्यक्ष

मीना शर्मा
महासचिव

मिति २०८० जेठ १